नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सिँहदरबार, काठमण्डौं

(स्थानीय तह समन्वय शाखा)

प.स. : ०७७।७८
च.न.: ५०६

मिति २०७८।०२।१९

श्री गाउँपालिका सबै।
श्री नगरपालिका सबै।

विषयः स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन सम्वन्धमा।

सेवा प्रवाह र स्थानीय विकास निर्माणको मुख्य जिम्मेवारी रहेको स्थानीय तहको कार्यप्रकृया र उपलब्धिहरुको बारेमा लेखाजोखा गरी सवल र दूर्वल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तलुनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन यस मन्त्रालयले स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको व्यहोरा अवगत नै छ। स्थानीय तहको स्वमूल्याङ्कनमा सहजीकरण गर्न मन्त्रालयबाट सातै प्रदेशमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरी प्रदेश प्रशिक्षण प्रतिष्ठान तथा प्रदेश सुशासन केन्द्र मार्फत प्रशिक्षक खटाउने व्यवस्था भई हालसम्म २२४ स्थानीय तहले स्वमूल्याङ्कनको नतिजा सार्वजनिक गरिसकेका छन् भने ३१६ स्थानीय तहको प्रारम्भिक नतिजा तयार हुँदै गरेको जानकारी प्राप्त भएको छ। तर केही स्थानीय तहले कोभिड १९ को सङ्क्रमण लगायतका कारण देखाउँदै हालसम्म पनि स्वमूल्याङ्कनको कार्य अगाडि वढाउन नसकेको देखिन्छ।

यस सन्दर्भमा, कार्यविधि बमोजिम हालसम्म स्वमूल्याङ्कनको काम अगाडि बढाउन नकसेका तथा स्वमूल्याङ्कनको कार्य अगाडि वढेको भए पनि अन्तिम नतिजा सार्वजनिक गर्न बाँकी रहेका स्थानीय तहले कोभिड-१९ को नियन्त्रणको लागि अपनाउनु पर्ने स्वास्थ्य मापदण्ड पालना गरी सीमित कर्मचारीको उपस्थिति एवम् उपलब्ध विद्युतीय माध्यमबाट बैठक गरी स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनको नतीजा यथाशीघ्र तयार गरी मन्त्रालयको सफ्टवेयर (lisa.mofaga.gov.np) मा प्रविष्टि गर्ने व्यवस्था मिलाउनु हुन पुन अनुरोध गरिन्छ।

(बसन्त अधिकारी)
सहसचिव

वोधार्थः
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमः आवश्यक समन्वय र सहजीकरणको लागि।
श्री सूचना तथा प्रविधि शाखाः पत्र website राख्ने व्यवस्था हुन।

Scanned with CamScanner